**मिति २०८१/०१/१७ गते सोमबार, १५६ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. घोराही उपमहानगरपालिकाको मासिक खर्च विवरण सम्बन्धमा।

३. योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा।

४. आगामी आ.व. २०८१/८२को बजेट तथा कार्यक्रम निर्माण सम्बन्धमा।

५. राजश्व सुधार योजना निर्माण प्रारुप स्वीकृत सम्बन्धमा।

६. खरिद नियमावली निर्माण सम्बन्धमा।

७. जैविक फोहरबाट ग्याँस परियोजना संचालनका लागि सहयोग गर्ने सम्बन्धमा।

८. विद्यालयले प्रयोग गर्दै आइरहेको जग्गा दर्ता सम्बन्धमा।

९. वडा नं. १ सरयुको सिरमा पर्यटकीय स्थल निर्माणका लागि डि.पि.आर. गर्ने सम्बन्धमा।

१०. कार्यविधि पारित सम्बन्धमा।

(क) भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

(ख) सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि २०८०

११. सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

१२. सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धमा।

१३. लुम्बिनी प्रदेशस्तरीय मिडिया महात्सवका लागि सहयोग उपलब्ध गराउने समबन्धमा।

१४. किरिया खर्च उपलब्ध गराउने सम्बन्धमा।

१५. VO स्वीकृत सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुखज्यूको संयोजकत्वमा चैत्र महिना भरी १६ वटा योजनाहरुको अनुगमन गरिएको प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८०/८१को वैशाख १६ गतेसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च प्रतिशत | पुंजीगत तर्फको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,१८,८४,८३,०००।- | १,३०,२७,७२,२२३.९५ | ६३.७६% | ३४.९२% | |

**निर्णय नं. ४**

आगामी आ.व. २०८१/८२ का लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तथा राजश्व बाँडफाँडको बजेट सीमा हालसम्म प्राप्त भै नसकेको र आगामी आ.व.का लागि बजेट तर्जुमाका चरणवद्ध कृयाकलापहरु अगाडी बढाउने समय सिमा नजिकिदै गरेको अवस्थामा चालु आ.व.मा प्राप्त बजेट सिलिङ्गलाई आधार मानी चरणवद्ध बजेट तर्जुमाका कृयाकलापहरु अगाडी बढाउने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको राजश्व तथा बजेट व्यवस्थापन शाखाबाट पेश भएको राजश्व सुधार योजना निर्माण प्रारुप स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकामा हुने खरिद कार्यलाई व्यवस्थित गर्न USAID Public Financial Management प्राविधिक सहयोगबाट प्राप्त सार्वजनिक खरिद नियमावली (नमुना) अध्ययन गरी उपमहानगरपालिकाको आवश्यकता अनुसार परिमार्जन गरी निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका, वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र नेपाल उर्जा विकास कम्पनी (प्रा.)लि. विच इनोभटिभ एण्ड सस्टेनेबल टेक्नोलोजी प्रा.लि.ले तयार गरेको स्वीकृत DPR को आधारमा २०७५ मार्गमा भएको त्रिपक्षीय सम्झौता अनुसार घोराही १६ स्थित करौती डाँडा लेण्डफिल साइडमा २००० घन मिटरको नेपालकै पहिलो र ठूलो जैविक फोहरबाट ग्याँस उत्पादन परियोजनाको Civil कार्य २०७८ मार्गमा सम्पन्न भएकोमा हाल उक्त परियोजनालाई दैनिक ३० टन कच्चा पदार्थ आवश्यक पर्नेमा हाल करिब २ टन मात्र आपूर्ति भइरहेको अवस्थामा उक्त परियोजनालाई आवश्यक कच्चा पदार्थ आपूर्ति गर्न परियोजना स्थलको पूर्व पट्टीको बाँकी जग्गामा सामुदायिक गाईवस्तुहरु संकलन गरी वधुवाको रुपमा पालन पोषणका लागि गोठ निर्माण गर्न नेपाल उर्जा विकास कम्पनी (प्रा.)लि.लाई जग्गा उपलब्ध गराउने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. १२ स्थित श्री माध्यामिक विद्यालय रतनपुर, हापुरले २०३४ सालदेखि भोगचलन गर्दै आएको कि.नं. ९ ख १४ को क्षेत्रफल २४-१०-१४ र कि.नं. ९ख ३ को क्षेत्रफल ५-८-१९ को जग्गा साविकको हापुर गा.वि.स वार्ड नं. ९ का वडा अध्यक्ष श्री भरत बहादुर न्यौपानेको रोहवरमा मिति २०५६ आषाढ ५ गते विद्यालयले चर्चेको प्रति तथा गौचरण जग्गा विद्यालयको नाममा दर्ता गर्न अभिभावक, बुद्धिजिवि, जनप्रतिनिधि, भद्रभलादमी, किसान र संधियार सहितको सर्वदलिय सर्वपक्षीय भेलाले गरेको निर्णय, विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०९।२९ गते बसेको बैठकको निर्णय, उक्त जग्गामा ७ वटा भवनका ३४ कोठा, ३ वटा शौचालय, खेल मैदान, पर्खाल समेत निर्माण भएको देखिएकोले उक्त विद्यालयले चर्चेको जग्गा विद्यालयको नाममा दर्ता श्रेस्ता कायम गर्न घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाको च.नं. ५५४, मिति२०८१।०१।१३ गतेको पत्रबाट सिफारिस सहित पेश भएकोले उक्त जग्गा विद्यालयको नाममा दर्ताका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. १ स्थित सरयुको सिरमा धार्मिक पर्यटकीय क्षेत्र विकासका लागि उक्त आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र प्रारम्भिक अध्ययन प्रतिवेदन तयार गर्ने। साथै आयोजना कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारमा बजेट माग गर्ने।

**निर्णय नं. १०**

तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने।

**तपसिल**

१. घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

२. घोराही उपमहानगरपालिकाको सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि २०८०

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१।०१।०६ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

**११.१** घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका टोलहरुलाई पूर्ण रुपमा फोहर वर्गीकृत टोल घोषणा गर्ने।

- उन्नतीनगर टोल विकास संस्था, घोराही उपमहानगरपालिका वडा नं. १५
- विकासनगर टोल विकास संस्था, घोराही उपमहानगरपालिका वडा नं १५
- स्वर्गद्वारी टोल विकास संस्था, घोराही उपमहानगरपालिका वडा नं. १५

**११.२** घोराही उपमहानगरपालिका वडा नं. १६ ल्याण्डफिल साइटमा कवाडजन्य फोहर बिक्रिका लाग वास गर्नुपर्ने भएको हुँदा उक्त स्थानमा नियमानुसार प्रक्रिया पुऱ्याइ निजि क्षेत्रको लगानीमा वास प्लान्ट स्थापना गर्ने।

**११.३** सार्वजनिक फोहर नियन्त्रणका लागि ५ जना स्वयंसेवक परिचालन गर्ने भनि मिति २०८०।१०।२८ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम परिचालन भएका स्वयंसेवकहरुले विचमै काम छोडी समस्या आएको हुँदा उक्त समस्या समाधानका लागि तोकिएको संख्यामा नबढनेगरी फरक फरक स्वयंसेवक परिचालन सरसफाई व्यवस्थापन शाखाबाट गर्ने।

**निर्णय नं. १२**

स्थानीय सरकार संचालन ऐन २०७४को दफा ९७ मा उल्लेखीत सार्वजनिक सम्पत्तिको संरक्षण स्थानीय तहले गर्नुपर्ने व्यवस्था अनुरुप घोराही उपमहानगरपालिका क्षेत्र भित्रका सार्वजनिक र सरकारी जग्गाको लगत विवरण तयार गरी उल्लेखित सम्पत्तिको रेखदेख, मर्मत संभार तथा अन्य प्रबन्ध गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. १३**

नेपाल पत्रकार महासंघ, दाङ शाखाको आयोजनामा हुने लुम्बिनी प्रदेश स्तरीय मिडिया महोत्सवका लागि महासंघको च.नं. ५४, मिति २०८०।१२।१९ गतेको पत्रबाट सहयोग र सहकार्यका लागि निवेदन पेश भएकोले उक्त महोत्सव संचालनका लागि खर्चको विल भर्पाई अनुसार रकम रु.१,००,०००।—(एक लाख मात्र) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. ४ बस्ने चाँदनी विश्वकर्माको बाबु ईश्वर बहादुर विश्वकर्माको मिति २०८१।०१।०९ गते मृत्यू भएको, उहाँको परिवारको आर्थिक अवस्था दयनीय रहेकोले उहाँको परिवारलाई काजकिरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ४ नं. वडा कार्यालयको च.नं.२९३०, मिति २०८१।०१।१० गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई रकम रु.१५,०००।- घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने।

**निर्णय नं. १५**

**१५.१** घोराही उपमहानगरपालिका अन्तर्गत ठेक्का नं. NCB/WORKS/GSMC/02/080/81 वडा नं. १४ रझेना चोकदेखि आर्मी व्यारेकसम्म सडक पिच तथा नाला स्तरउन्नती योजना निर्माण गर्दै गर्दा सडकको उचाइ बढाउनुपर्ने भई शुरु इस्टिमेटमा नरहेको आईटमहरु जस्तै sub-base, Base र Prime को Quantity थप गर्नुपर्ने अवस्था रही Item मा फेरबदल हुन आएको र दुवै पक्ष विच कार्यालयले तयार गरेको शुरु लागत अंकमा शुरु ठेक्का कबोल अंक को २०.१८% घटने गरी Rate Negotiation भई Item थप गरी उक्त ठेक्काको भेरीएसन अर्डर १ गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञ समितिको मिति २०८१।०१।१४ गते बसेको बैठकबाट निर्णय अनुसार Variation Sheet मा उल्लेखित Original Contract Amount लाई Change Contract Amountको आधारमा भेरिएसन अर्डर १ स्वीकृत गर्ने।

**१५.२** घोराही उपमहानगरपालिका अन्तर्गत ठेक्का नं. NCB/WORKS/GSMC/42/079/80 वडा नं. १४ रझेना चोकदेखि लक्की लामाको घरहुँदै आर्मी व्यारेकसम्म फुटपाथ सहितको नाला सडक स्तरउन्नती योजना निर्माण गर्ने क्रममा पुरानो नाला भत्काई नयाँ नाला बनाउने ईस्टिमेट रहेकोमा निर्माण गर्ने क्रममा उक्त स्थानमा नाला सहित पुरानो कुलो समेत रहेकोले सो कुलोको गहिराई पुर्न Borrow pit materials र Sub-base को Quantity थप गर्नुपर्ने देखिएकोले इस्टिमेटमा नभएको Item थप हुन गई इस्टिमेटको Quantity मा फेरबदल हुन आएकोले दुवै पक्ष विच कार्यालयले तयार गरेको शुरु लागत अंकमा शुरु ठेक्का कबोल अंकको २२.१०% घटने गरी Rate Negotiation भई Item थप गरी भेरीएसन अर्डर १ गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञ समितिको मिति २०८१।०१।१४ गते बसेको बैठकबाट निर्णय अनुसार Variation Sheet मा उल्लेखित Original Contract Amount लाई Change Contract Amountको आधारमा भेरिएसन अर्डर १ स्वीकृत गर्ने।

**१५.३** घोराही उपमहानगरपालिका अन्तर्गत ठेक्का नं. NCB/WORKS/GSMC/43/079/80 वडा नं. १५ जिल्ला प्रशासन कार्यालयदेखि जेष्ठ नागरिक भवन, दिपशिखा चोक गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्मको सडक स्तरउन्नती योजना निर्माण गर्ने क्रममा सडक चौडाई गर्दा Sub base, base र asphalt को Quantity मा ईस्टिमेटमा रहेको भन्दा फेरबदल हुन आएको र कार्यालयले तयार गरेको शुरु लागत अंकमा शुरु ठेक्का कबोल अंकको ५.३२% घटने गरी Rate Negotiation भई Item थप गरी भेरीएसन अर्डर १ गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञ समितिको मिति २०८१।०१।१४ गते बसेको बैठकबाट निर्णय भई Variation Sheet मा उल्लेखित Original Contract Amount लाई Change Contract Amountको आधारमा भेरिएसन अर्डर १ स्वीकृत गर्ने।